नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०८२/०८३
चलानी नं.-

कोशी,प्रदेश

मिति २०८२/०९/०४

## <u>प्रेस विज्ञप्ती</u>

१. उपभोक्ताको उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार संरक्षण गर्नका लागि बजारमा बिक्री वितरण हुने वस्तु तथा सेवाबाट आम उपभोक्ताहरुलाई हानी नोक्सानी हुन नदिन, कालोबजारी, म्याद नाघेका सामानहरुको बिक्री वितरण हुन नदिन, गुणस्तरीय वस्तु तथा सामानहरु उपलब्ध गराउनका लागि मिति २०८२/०९/०३ गते जिल्ला प्रशासन कार्यालयको प्रशासकीय अधिकृतको संयोजकत्वमा सिद्धिचरण नगरपालिका, करदाता सेवा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, संचारकर्मी, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि सहितको उपस्थितिमा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका वडा नं. १२ स्थित गणेशटोल र जिल्ला समन्वय समितिको आसपास क्षेत्रमा सदरमुकाममा रहेका खाद्य तथा किराना पसल, होटलमा अनुगमनका क्रममा संयुक्त टोलीले मूल्यमा एकरुपता कायम गर्ने, व्यवसाय दर्ता गरेर मात्र संचालन गर्ने, नियमानुसार तिर्नु पर्ने कर समयमै तिर्ने लगाएतका निर्देशन दिदैं, १२ (बाह्र) वटा पसल तथा होटलमा रहेका विभिन्न सामाग्रीहरुको अनुगमन गर्दा फेला परेका करिब रु.११,५८०/- (एघार हजार पाँच सय असी) मूल्य बराबरको म्याद गुज्रेका सामाग्रीहरु जफत गरी अनुगमन टोलीका सदस्यहरुको रोहबरमा मुचुल्का गरी सिद्धिचरण न.पा. १२ (जि.वि.स.को डम्पिङ्ग एरियामा) सडकको किनारामा नष्ट गरिएको ।

२. प्रमुख जिल्ला अधिकारीद्वारा मिति २०८२/०९/०३ गते सुशासन ऐन, २०६४ र नियमावली २०६५, सूचनाको हक कार्यान्वयन भए/नभएको, कार्यालयमा प्राप्त गुनासोहरु फर्छ्यौट भए/नभएको, कार्यालय प्रमुखको बैठकका निर्णयहरु कार्यान्वयन भए/नभएको लगाएतका विषयमा आयुर्वेद स्वास्थ्य केन्द्र, ओखलढुङ्गा र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ओखलढुङ्गाको निरीक्षण भएको।

मनोज कुमार मगर
प्रशासकीय अधिकृत